नाम : टिका खड्का

अध्ययन : BBS प्रथम वर्ष

क्याम्पस : रुकुमेली क्याम्पस मुसिकोट १ रुकुम (पश्चिम)

ठेगाना : त्रिवेणी ७ रानाकोट

निबन्ध विषय : सुचना प्राविधीको युगमा डिजिटल साक्षरता

सूचना प्रविधिको युगमा डिजिटल साक्षरता

आजको युग सूचना प्रविधिको युग हो । जहाँ हरेक काम डिजिटल माध्यम बाट सम्पन्न गरिने गरिन्छ । सूचना प्रविधिको युगमा डिजिटल साक्षरता अत्यन्तै महत्वपूर्ण विषय बनेको छ । डिजिटल साक्षरता भनेको सूचना तथा सञ्चार प्रविधिको उपकरणहरूको प्रयोग गरी जानकारी खोज्ने बुझ्ने विश्लेषण गर्ने मूल्याङ्कन गर्ने । सृजनात्मक रूपमा प्रयोग गर्ने क्षमतालाई बुझाउँछ । एक्काइसौं शताब्दी सूचना र प्रविधिको स्वर्ण युग हो । आज को विश्वमा प्रविधि मानिसको तेस्रो हात बनेको छ । यो आधुनिक युगमा बाँच्न र अगाडि बढ्नका लागि अनिवार्य आधारभूत सेवा बनेको छ । यस्तो अवस्थामा डिजिटल साक्षरता केवल विकल्प होइन अनिवार्य आवश्यकता बनेको छ ।

डिजिटल साक्षरताले व्यक्तिलाई ज्ञान र सूचनामा पहुँच दिलाउँछ । आज इन्टरनेटमा असीमित जानकारी उपलब्ध छन् । तर यति धेरै जानकारीको बीचमा सही र विश्वसनीय सूचना छुट्याउन सक्ने क्षमता पनि उत्तिकै आवश्यकता हुन्छ । जुन डिजिटल साक्षरताको एक महत्वपूर्ण पक्ष हो । सूचना प्रविधिको तीव्र विकास सँगै आजको युग लाई डिजिटल युगको रूपमा चिनिन्छ । कम्प्युटर इन्टरनेट मोबाइल फोन कम्प्युटर जस्ता प्राविधिकले मानव जीवनको प्रत्येक क्षेत्रमा गहिरो प्रभाव पारेका छन् । डिजिटल साक्षरता को आवश्यकता स्वाभाविकता आजको संसार एक ग्लोबल अर्थात एउटा सानो विश्व गाउँ परिणत भएको छ ।

डिजिटल साक्षरता केवल मोबाइल चलाउन जान्नु मात्र होइन । यो त सूचना छनोट गर्ने कला हो । सत्य र असत्य छुट्याउने क्षमता हो । आफ्नो गोपनीयता जोगाउँदै जिम्मेवार रूपमा अनलाइन संसारमा बाँच्ने सीप हो । आजका विद्यार्थीहरु

गुगलमा उत्तर खोज्न सक्छन् तर सही उत्तर छान्न सक्ने क्षमता अझैं विकास गर्न बाँकी छ। यसैले डिजिटल साक्षरता ज्ञान भन्दा पनि विवेकसँग गाँसिएको विषय हो। यो सीपले मानिसलाई आवश्यक सूचना छिटो प्राप्त गर्न अरूसँग सजिलै सम्पर्क राख्न तथा आफ्नो कामलाई सरल र व्यवस्थित बनाउन सहयोग गर्छ। विशेष गरी विद्यार्थीहरूको लागि डिजिटल साक्षरता ज्ञानको नयाँ ढोका खोल्ने माध्यम बनेको छ। डिजिटल साक्षरताको महत्त्व बुझ्न उदाहरणका लागि आज धेरै विद्यालयहरूले अनलाइन कक्षा सञ्चालन गरिरहेका छन्। यदि विद्यार्थी डिजिटल रूपमा साक्षर छैन भने उसले कक्षामा सहभागी हुन सामग्री डाउनलोड गर्न वा गृहकार्य बुझाउन कठिनाइ भोग्नु सक्छ। त्यसैगरी बैंकिङ क्षेत्रमा पनि मोबाइल बैंकिङ र अनलाइन भुक्तानी प्रणाली प्रयोग गर्न जान्ने व्यक्ति समय र श्रम दुवै बचत गर्न सक्छ जब कि डिजिटल ज्ञान नभएको व्यक्ति लामो समयसम्म लाइनमा बस्न बाध्य हुन्छ। यति धेरै जानकारीको बीचमा सही र विश्वसनीय सूचना छुट्याउन सक्ने क्षमता पनि आवश्यक पर्छ। डिजिटल साक्षरता व्यक्तिहरूले यस्ता अवसरहरू प्रयोग गर्न सक्छन् जसले आर्थिक रूपमा पनि सेवा पुर्‍याउन सहयोग गर्छ।

आजको शिक्षा क्षेत्रमा डिजिटल साक्षरता अत्यन्त महत्वपूर्ण भइसकेको छ। विद्यार्थीहरू अब परम्परागत पुस्तकमा मात्र सीमित नभई अनलाइन स्रोतहरू बाट ज्ञान प्राप्त गर्दछन्। यसले शिक्षामा पहुँच विस्तार गर्नुका साथै सिकाइलाई अझ रोचक र क्रियात्मक बनाइदिन्छ। यस युगले अवसर सँगै चुनौती पनि ल्याएको छ। एकातिर अनलाइन शिक्षाले गाउँ गाउँमा ज्ञान पुर्‍याएको छ भने अर्कोतिर गलत सूचना र साइबर अपराधले समाजमा भ्रम र असुरक्षा बढाएको छ। कहिले काहीं हामी देख्छौं एउटा झुटो समाचारले समाजमा ठूलो असर पार्छ। यस्तो अवस्थामा डिजिटल साक्षरता ढाल जस्तो बन्छ जसले हामीलाई सुरक्षित राख्छ। गलत सूचना फैलिनु साइबर अपराध बढ्नु र व्यक्तिगत गोपनीयता जोखिममा पर्नु जस्ता

समस्या आजका प्रमुख चिन्ता हुन । त्यसैले डिजिटल साक्षरता केवल उपकरण चलाउने ज्ञान मात्र नभई सचेत जिम्मेवार नैतिक प्रयोग गर्ने क्षमता समेत हो । यस सन्दर्भमा विद्यालय तहदेखि नै डिजिटल सीप लाई पाठ्यक्रममा समावेश गर्नु आवश्यक छ । ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा इन्टरनेट पहुँच विस्तार गरी सबैलाई समान अवसर प्रदान गर्नुपर्छ । साथै जनचेतना अभिवृद्धि गरेर नागरिकलाई डिजिटल जोखिम बाट सचेत बनाउनु अतीव महत्वपूर्ण छ ।
यसका साथै डिजिटल साक्षरताले गलत सूचना पहिचान गर्न पनि महत्वपूर्ण हुन्छ । आज समाजिक सञ्जालमा धेरै नक्कली झुटा समाचार फैलिरहेका हुन्छ । उदाहरणका लागि कुनै स्वास्थ्य सम्बन्धी गलत सूचना भाइरल हुँदा धेरै मानिसहरु भ्रममा पर्छन ।

• नयाँ सरकार र डिजिटल नेपाल ।

यदि मानिसमा डिजिटल साक्षरता छ भने उसले स्रोत जाँच गरेर मात्र विश्वास गर्ने बानी विकास गर्छ । यसले समाजलाई सुरक्षित र सचेत बनाउँछ । डिजिटल साक्षरता सामाजिक सशक्तिकरणको माध्यम पनि हो । सामाजिक सञ्जाल र अनलाइन मार्फत मानिसहरुले आफ्ना विचारहरु व्यक्त गर्न सूचना साझा गर्न र सामाजिक मुद्दाहरुमा आवाज उठाउन सक्छन । यसले लोकतान्त्रिक सहभागिता बढाउँछ । नागरिकलाई सक्रिय बनाउँछ । तर यसका साथै साइबर अपराध गलत सूचना र घृणात्मक भाषण जस्ता चुनौतीहरु पनि छन । त्यसैले डिजिटल साक्षरता ले जिम्मेवार र नैतिक अनलाइन व्यवहार सिकाउँछ ।

सञ्चार क्षेत्रमा डिजिटल प्रविधिले विश्वलाई सानो गाउँ जस्तो बनाए को छ । यसले सूचना आदान प्रदान सहज बनाएको छ । तर डिजिटल साक्षरता को अभावले विभिन्न चुनौतीहरु पनि निम्त्याएको छ । साइबर अपराध अनलाइन ठगी डाटा चोरी जस्ता समस्या बढिरहेका छन ।

डिजीटल साक्षरताले व्यक्तिगत सुरक्षा सुनिश्चित गर्न मदत गर्छ। इन्टरनेट प्रयोग गर्दा गोपनीयता पासवर्ड सुरक्षा बारेमा जान्न पर्छ डिजीटल रुपमा साक्षर व्यक्ति यो खतराहरु पहिचान गर्न र आफु लाई सुरक्षित राख्न सक्षम हुन्छ। उदाहरणका लागी बलियो पासवर्ड प्रयोग गर्ने अपरिचित लिंकमा क्लिक नगर्ने र व्यक्तिगत जानकारी सुरक्षित राख्ने जस्ता उपायहरु अपनाउन सक्छन्, सक्छन्।

डिजीटल साक्षरताको महत्व

सुचना प्रविधिको यो युगमा डिजीटल साक्षरताको महत्व यस प्रकार छन

(१) सुचनाको सहीवतीट: इन्टरनेटमा जानकारीको भण्डारण छ तर सबै जानकारी सत्य हुदैनन। डिजीटल रुपमा साक्षर व्यक्तिले कुन सुचना सहीहो र कुन गलत भन्ने हो भन्ने छुट्याउनु पर्छ।

(२) आर्थिक अवसर: वर्तमान समयका अधिकांश रोजगारीहरु प्रविधिसंग जोडिएका छन। डिजीटल सीप भएका व्यक्तिहरुले सफ्टवेयर विकास डिजीटल मार्केटिङ जस्ता क्षेत्रमा राम्रो आम्दानी गर्न सक्छन।

(३) सुरक्षा र गोपनीयता: डिजीटल संसारमा साइबर अपराध डाटा चोरी जस्ता जोखिमहरु छन। डिजीटल साक्षरताले व्यक्तिलाई आफ्नो पासवर्ड सुरक्षित राख्न असुरक्षित लिंकहरु नखोल्न र आफ्नो निजी जानकारी सुरक्षित राख्नु पर्छ।

नेपाल जस्तो विकासोन्मुख देशमा डिजीटल साक्षरताको मार्गमा धेरै चुनौतीहरु छन। सबैभन्दा ठुलो समस्या डिजीटल डिभाइड हो। सहर र गाउँबिच धनी र गरिब बिच प्रविधीको पहुँचमा ठुलो समस्या छ। भौगोलिक विकटताका कारण दुर्गम क्षेत्रमा इन्टरनेटको गुणस्तर राम्रो छैन र विद्युतीय अभाव पनि उस्तै छ।

अर्को समस्या आर्थिक पक्ष हो। आधुनिक महंगो इन्टरनेट शुल्कका कारण विपन्न वर्ग अझै पनि प्रविधिबाट टाढा छन। साथै भाषाको समस्या पनि छ। इन्टरनेटमा अधिकांश

सामग्री अंग्रेजीमा हुने भएकाले अंग्रेजी नबुझ्ने मानिसहरु यसको पनि लाभ लिनबाट वञ्चित छन । यसका साथै प्रविधिको दुरुपयोग गरी सामाजिक सञ्जालमा हुने ट्रोलिङ साइबर का सामग्रीको प्रसारले समाजमा नकारात्मक असर पारिरहेको छ ।

• अक्षर मात्र होइन, अब डिजिटल संसार चिनौं ।

डिजिटल साक्षरतालाई व्यापक बनाउन सरकार निजी क्षेत्र र नागरिक समाजको संयुक्त प्रयास आवश्यक छ । विद्यालय स्तरदेखि नै कम्प्युटर शिक्षालाई अनिवार्य र व्यवहारिक बनाउनुपर्छ । शिक्षक हरुलाई ~~अनिवार्य~~ नयाँ प्रविधिबारे तालिम दिनु जरुरी छ । सरकारले डिजिटल नेपाल बनाउन राज्यले विभिन्न प्रदेशहरुमा निशुल्क तालिम तालिमहरुको व्यवस्था गर्नु आजको आवश्यकता हो । गाउँ गाउँमा डिजिटल सामुदायिक केन्द्र स्थापना गरी वृद्धा किसानहरुलाई समेत स्मार्टफोन र इन्टरनेट चलाउन सिकाउनुपर्छ । इन्टरनेटको शुल्क सर्वसुलभ बनाउनु पर्छ स्थानीय भाषाहरुमा डिजिटल सामग्रीहरु निर्माण गर्न प्रोत्साहन गर्नुपर्छ । साइबर सुरक्षासम्बन्धी कडा कानुन बनाउनु पर्छ । गाउँ गाउँमा गएर जनचेतना ~~मूलक~~ मूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ । र प्रविधिको सुरक्षित प्रयोग गर्नुपर्छ । यस सन्दर्भमा शिक्षा प्रणाली ले डिजिटल सीपलाई प्राथमिकता दिनु आवश्यक छ । ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा इन्टरनेट पहुँच जनचेतना अभिवृद्धि गरेर नागरिकलाई डिजिटल जोखिमका बारे सचेत बनाउनु पनि अति महत्वपूर्ण छ ।

• प्रविधिको ज्ञान, उन्नत जीवनको पहिचान

प्रविधिको पहुँच भएका र नभएका मानिसहरुबीचको खाडललाई डिजिटल डिभाइड हो । नेपालको सन्दर्भमा सहर र गाउँ बिच आन क्षा हानी गरिब बिच यो खाडल स्पष्ट देखिन्छ । सहरका बालबालिका ल्यापटपमा पढ्दा दुर्गमका बालबालिकाले कम्प्युटर देख्न सम्म पाएका हुँदैनन । यो समस्याले समाजसमा असमानता बढाउँछ । त्यसैले डिजिटल साक्षरतालाई राष्ट्रिय प्राथमिकता

अभियानको रूपमा गाउँ गाउँसम्म पुर्याउनु अपरिहार्य छ। नेपालमा सूचना प्रविधिको पहुँच तीव्र गतिमा बढिरहेको छ। नेपाल को जनसंख्याको ७० प्रतिशत भन्दा बढी इन्टरनेटको पहुँच पुगिसके का छन्। तर पहुँच हुनु र साक्षर हुनु फरक कुरा हुन्। धेरैजसो प्रयोगकर्ताहरू सामाजिक सञ्जाल (फेसबुक, टिकटक, युट्युब) मा मात्र सीमित छ। शिक्षा, रोजगार र उत्पादन कार्यमा इन्टरनेटको प्रयोग गर्नेहरूको संख्या अझै न्यून देखिएको छ। डिजिटल नेपाल बनाउनु नै आजको महत्वपूर्ण मानिएको छ।

शिक्षा क्षेत्रमा डिजिटल साक्षरता समावेश गर्नु अपरिहार्य भइरहेको छ। विद्यार्थीहरूलाई केवल सैद्धान्तिक ज्ञान मात्र नभई व्यवहारिक डिजिटल सीप पनि सिकाउनुपर्छ। शिक्षकहरूलाई पनि डिजिटल उपकरण प्रयोगमा तालिम दिनु आवश्यक छ ताकि उनीहरूले प्रविधिको सही प्रयोग शिक्षण पाठलाई प्रभावकारी बनाउन सकून्। यसले शिक्षाको गुणस्तर सुधार मद्दत गर्छ। डिजिटल साक्षरताको विकासमा परिवारको भूमिका पनि महत्वपूर्ण हुन्छ। अभिभावकहरूले आफ्ना बालबालिकालाई सुरक्षित र जिम्मेवार ढंगले इन्टरनेट प्रयोग गर्न सिकाउनुपर्छ। बालबालिकाहरू लाई अनलाइन जोखिमहरूको बारेमा सचेत गराउनु र उनीहरूको अनलाइन गतिविधिमा उचित निगरानी राख्नु आवश्यक छ।

डिजिटल साक्षरता रोजगारीको अवसरसँग प्रत्यक्ष सम्बन्धित छ। आजका अधिकांश पेशाहरूमा डिजिटल सीप आवश्यकता हुन्छ। नेपाल जस्तो विकासशील देशमा डिजिटल साक्षरता विस्तार गर्न विशेष आवश्यक छ। सरकारी तथा गैरसरकारी निकायहरूले डिजिटल शिक्षा कार्यक्रमहरूमा सञ्चालन गर्नुपर्छ। विद्यालय तहदेखि डिजिटल सीपलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ। साथै ग्रामीण क्षेत्रहरूमा इन्टरनेट पहुँच विस्तार र सस्तो डिजिटल उपकरण उपलब्ध गराउन आवश्यक छ।

डिजिटल साक्षरता केवल व्यक्तिगत सिप मात्र होइन राष्ट्रको समग्र विकाससँग पनि जोडिएको विषय हो। डिजिटल रूपमा सक्षम नागरिकहरूले नवप्रवर्तन लाई बढावा दिनु सक्छन्। यसले आर्थिक विकास सुशासन र सामाजिक समावेशीकरणमा सकारात्मक प्रभाव पार्छ। उदाहरणका लागि सरकारी कर्मचारीहरूलाई सेवाह प्रभावकारी र छिटो बनाउन उनीहरुले सहयोग गर्छ छ। डिजिटल साक्षरतासँग केही चुनौतीहरु पनि छन्। सबै भन्दा ठुलो चुनौती प्रविधिको पहुँचको असमानता हो। शहर र गाउँ बिच र धनी र गरिब बिच डिजिटल स्रोतहरुको पहुँचमा ठुलो अन्तर छ। साथै प्रविधिको दुरुपयोग साइबर अपराध जस्ता समस्याहरु दिनै दिन बढि रहेका छन्। यस लाई समाधान गर्नै सरकारी विभिन्न कार्यक्रमहरुको आयोजना गर्नु पर्नै आजको सबैभन्दा प्रमुख विषय बन्न पुगेको छ।

निष्कर्ष

अन्त्यमा सुचना प्रविधि एउटा यस्तो हतियार हो। यसको सही प्रयोगले विकास र समृद्धिको ढोका खोल्छ भने गलत प्रयोग ले विनास निम्त्याउछ। आजको युगमा डिजिटल साक्षरता विलासिता नभएर आधारभुत आवश्यकता बनिसकेको छ। एउटा राष्ट्रको विकास अब त्यहाँका नागरिक कति डिजिटल साक्षर छन भन्ने कुराले निर्धारण गर्छ। प्रविधिको चमक धमकमा नहराई यसलाई आफ्नो र समाजको हितमा प्रयोग गर्न सक्ने नागरिक नै आजको वास्तविक शिक्षित नागरिक हो। त्यसैले "डिजिटल साक्षर बनौं डिजिटल नेपाल बनाऔं" भन्ने संकल्पका साथ अगाडि बढ्नु नै वर्तमान समयको माग पनि हो छ।

अक्षर चिन्नु मात्र होइन अब डिजिटल संसार जित्ने बनौं!